

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ७६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत १७ गते शनिबार ❑ 30 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## पत्रकार महासंघ कास्कीले स्थापना दिवस

### गंगाधर पराजुली र राजु भण्डारी एवं भण्डारी परिवारलाई पोखरा पत्रकारिता सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, १६ चैत

नेपाल पत्रकार महासंघ कास्कीले पोखरा पत्रकारिता सम्मान अर्पण गर्दै ५९ औं स्थापना दिवस मनाएको छ ।



महासंघ कास्कीले पत्रकार गंगाधर पराजुलीलाई २०७९ र राजु भण्डारी एवं भण्डारी परिवारलाई २०८० सालको पोखरा पत्रकारिता सम्मान अर्पण गरेको हो । शुक्रबार पत्रकार महासंघको सभाहलमा भएको स्थापना दिवस कार्यक्रमका प्रमुख अतिथि तथा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डले उहाँहरुलाई सम्मान गर्नुभएको हो । पत्रकार गंगाधर पराजुलीलाई नगद ५० हजार ५५५ रुपैयाँसहित दोसल्ला र सम्मान पत्रले सम्मान गरेको हो । भने, भण्डारी परिवारलाई पत्रकार महासंघको संस्थागत विकासमा टेवा पुऱ्याएकाले दोसल्ला र ताम्रपत्रद्धारा सम्मान गरिएको हो ।

स्थापना दिवसकै अवसरमा पत्रकार महासंघ कास्कीले 'पत्रकारितामा देखिएको संकट र समाधानका उपायहरु' विषयमा संवाद पनि गरेको थियो । संवाद कार्यक्रममा मुख्यमन्त्री पाण्डेले पत्रकारितालाई नियन्त्रणभन्दा पनि नियमनको जरुरी रहेको बताउनुभएको थियो । 'स्वतन्त्रता र छाडातन्त्र भनेको के हो भनेर मुलधारमा काम गर्ने पत्रकारहरुले अन्यलाई बुझाउन जरुरी छ,' उहाँले भन्नुभयो, 'सामाजिक सञ्जाल र पत्रकारिता फरक कुरा हुन् भन्ने आम जनतालाई बुझाउन सकिएको छैन् । यो पत्रकार र सरकारका लागि चूनौति हो ।' यो भ्रम चिर्नका लागि साझा प्रयासको जरुरी रहेको उहाँले बताउनुभयो ।

सोही अवसर गण्डकी प्रदेश सरकाले सञ्चारको क्षेत्रमा धेरै काम गरिहेको सुनाउनुभयो । 'हामीले आमसञ्चार विधेयक पारित गरिसकेका छौं । त्यसमा प्रेस रजिष्टारको कार्यालय पनि छ,' उहाँले भन्नुभयो, ' यो कार्यान्वयनमा गएपछि सरकारको खासै आवश्यकता पर्दैन् । पत्रकारिताका लागि जे गर्नुपर्छ विधेयकमा परिकल्पना गरिएको काम प्रेस रजिष्टार कार्यालयले नै गर्छ ।' यो बाहेक पनि सरकारले गर्नुपर्ने काम गर्न आफू तयार रहेको उहाँले बताउनुभयो ।

सरकारको नीति तथा कार्यक्रम बनाउने क्रममा पनि पत्रकार महासंघ कास्कीसँग सहकार्य गरिरहेको उहाँले सुनाउनुभयो । 'छलफलपछि लोक कल्याणकारी विज्ञापनमा पहिला भएकोमा ५० प्रतिशत वृद्धि गरेको छु । पत्रकारको स्वास्थ्य विमा हुनुपर्छ भनेर त्यो कार्यक्रम पनि ल्याएको हो,' उहाँले भन्नुभयो, 'पत्रकार हरुका लागि फेलोसिप दिने भनेर २० लाख पनि छुट्याएको छु । आगामी दिन आर्थिक अवस्था हेरेर नीति कार्यक्रम बनाउँला ।'

कार्यक्रममा पत्रकार महासंघ कास्कीका पूर्वअध्यक्ष बद्रीविनोद प्रतिकले पत्रकारितामा देखिएको समस्या र चूनौति समाधानका लागि पत्रकारहरु नै जागरुक हुनुपर्ने बताउनुभयो । पत्रकार महासंघकी केन्द्रीय सदस्य सरिता तिम्सिना पगेनीले पत्रकार सरकारको स्थायी प्रतिपक्ष रहेकोले सोही अनुसार कलम चलाउनुपर्ने बताउनुभयो । पत्रकारिता बौद्धिक पेश भएकाले यसलाई जोगाउन सबै एकजुट हुनुपर्ने बताउनुभयो ।

पत्रकार महासंघ गण्डकी प्रदेशका महासचिव गोविन्द सुवेदीले आफूहरु पत्रकारहरुको हकहितका पक्षमा काम गरिरहेको बताउनुभयो । काम गर्ने समयमा केही कमजोरी भए आगामी दिनमा सच्याउँदै अघि बढ्ने उहाँले सुनाउनुभयो ।

कार्यक्रममा सम्मानित गंगाधर पराजुलीले पुरस्कारले पत्रकारिता क्षेत्रमा कमल चलाउन हौसल बढेको बताउनुभयो । 'म केही समय अघिसम्म सक्रिय रुपमा पत्रकारितामा थिए । पछिल्लो समय केही निस्क्रिय जस्तै थिरु,' उहाँले भन्नुभयो, 'यो पुरस्कारले यही क्षेत्रमा रहिरहनुपर्छ भनेर हौसला मिलेको छ ।' सम्मानित व्याक्ति राजु भण्डारीले संस्थागत रुपमा गरिएको सम्मानले पत्रकारिता क्षेत्रसँग परिवारको निकटता झनै बढेको बताउनुभयो । पत्रकार महासंघ कास्की अध्यक्ष विमला भण्डारीले स्थापना दिवसको अवसरमा शुभकामना दिदैं पत्रकार महासंघका सदस्यहरुलाई परेको समस्यामा सधैं साथमा रहेको बताउनुभयो ।

महासंघ कास्कीमा आएका लिखित तथा मौखिक उजुरीका साथै जानकारी भएसम्ममा समस्या समाधानका लागि पत्रकार महासंघ कास्कीले कुनैपनि कसर बाँकी नराखी काम गरेको सुनाउनुभयो । समस्या र चूनौतिका बिचमा पनि धेरै काम गरिरहेको उहाँको भनाइ थियो ।

कार्यक्रममा प्रेस युनियन कास्कीका अध्यक्ष बासुदेव मिश्र, प्रेस सेन्टर नेपालका इन्चार्ज सन्देश श्रेष्ठ, प्रेस चौतारी नेपाल कास्कीका कार्यवाहक अध्यक्ष मोतिसागर अधिकारी, संसदीय पत्रकार महासंघ गण्डकीका अध्यक्ष भरत कोइराला, नेकपा एमाले कास्कीका सचिव दर्शन लामालगायतले पत्रकारिता क्षेत्रको चूनौति समाधानका लागि पत्रकार नै सक्रिय र जिम्मेवार हुनेपर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा प्रतिभा छनोट समितिका संयोजक कोमलनाथ बरालले सम्मानति व्याक्तिहरुको बारेमा परिचय दिनुभएको थियो । महासंघ कास्की उपाध्यक्ष जमुना वर्षा शर्माले स्वागत गर्नुभएको कार्यक्रमको सञ्चालन सचिव माधव बरालले गर्नुभएको थियो ।

## पोखरामा करिब एक हजार तीन सय ६९ जना बालश्रमिक

**पोखरापत्र संवाददाता**
पोखरा, १६ चैत

पोखरामा करिब एक हजार तीन सय ६९ जना बालश्रमिक रहेका पाइएको छ । बालश्रम न्यूनीकरण सम्बन्धमा पोखरा उद्योग वाणिज्य सङ्घअन्तर्गतको सामाजिक विकास केन्द्रद्वारा आयोजित सरोकारवालासँगको अन्तरक्रियामा उक्त तथ्याङ्क प्रस्तुत गरिएको हो ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै सामाजिक विकास केन्द्रका सुपरभाइजर सफल बरालले हाल केन्द्रले किडासालगायत दाताहरूको सहयोगमा बालश्रम न्यूनीकरण, जीविकोपार्जन तथा शिक्षालगायत चारवटा कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो । अहिले पोखरामा करिब एक हजार तीन सय ६९ जना बालश्रमिकको पहिचान भएको बताउँदै उहाँले तीमध्ये पाँच सय ७२ जना विभिन्न वर्कशपमा कार्यरत रहेको जानकारी दिनुभयो । मोटर तथा मोटरसाइकल वर्कशपमा काम गर्ने अधिकांश बालक भारतीय रहेकाले उनीहरूलाई कामबाट छुटाउन र परिवारको जिम्मा लगाउन नसकिएको बरालले जानकारी दिनुभयो । ती बालश्रमिकलाई कार्यस्थलमै पुगेर शिक्षा प्रदान गर्ने गरिएको उहाँको भनाइ छ ।

सामाजिक विकास केन्द्रका संयोजक एवम् पोखरा उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष राजेन्द्रकुमार लालचनले केन्द्रले विगतदेखि सञ्चालनमा ल्याएको बालश्रम न्यूनीकरण कार्यक्रमकै कारण पोखरामा बालबालिकालाई निकृष्ट प्रकारका श्रममा लगाउने कार्यमा कमी आएको बताउनुभयो ।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लीलाधर पौडेलले बालश्रम न्यूनीकरणका लागि स्थानीय सरकार बढी क्रियाशील हुनुपर्ने धारणा राख्नुभयो । साझा सरोकारका विषयमासरोकारवालाबीचसहकार्य हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष पवनकुमार प्रजापति, महासचिव बलराम आचाय, पोखरा महानगरपालिका-११ का वडाध्यक्ष प्रेम कर्माचार्यलगायतले बालश्रमको न्यूनीकरणमा सामूहिक प्रयास आवश्यक भएकामा जोड दिनुभएको थियो ।

## स्वस्थ नागरिक समृद्ध मुलुकको आधार : प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १६ चैत

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले स्वस्थ नागरिक समृद्ध मुलुकको आधार रहेको बताउनुभएको छ ।

गण्डकी आयुर्वेद औषधालय, कास्की र जिल्ला नागरिक आरोग्य समिति, कास्कीद्वारा शुक्रबार पोखरामा संयुक्त रूपमा आयोजित 'नागरिक आरोग्य अभियान, आयुर्वेद सेवा' विषयक अन्तक्रियामा उहाँले स्वस्थ खानपान र जीवनशैलीले रोग लाग्न नदिने बताउनुभयो ।

"स्वस्थ जीवन भएमा मात्र मुलुकको आर्थिक समृद्धि कायम हुनेछ । योग, ध्यान, साधना र व्यायामले व्यक्तिमा सकारात्मक सोचको विकासमा प्रेरणा मिल्छ", उहाँले भन्नुभयो, "मानव जीवनको सबैभन्दा महत्वपूर्ण र संवेदनशील पाटो नै स्वास्थ्य हो । त्यसैले स्वास्थ्य क्षेत्रको विकासलाई समग्र देशकै विकास र समृद्धिसँग जोड्नुपर्छ । नागरिक स्वस्थ भए मात्रै मुलुक स्वस्थ बन्न सक्छ ।" योग, ध्यान, उचित खानपान एवम् आयुर्वेद औषधोपचार गर्ने व्यक्ति दीर्घजीवी हुने गरेको भन्दै प्रदेश प्रमुख भट्टले आफू ७७ वर्षको उमेरमा स्वस्थ, तन्दुरुस्त भएको उदाहरण प्रस्तुत गर्नुभयो ।

जैविक विविधताका कारण नेपाल आयुर्वेदिक औषधीको विकासका लागि निकै उपयोगी क्षेत्र भएको उहाँले बताउनुभयो । देशमा उम्रिएका जडिबुटीले औषधिको काम गर्ने भएकाले आयुर्वेदको


बाँकी अन्तिम पृष्ठमा ▶▶


## चैते झरीले बाटो हिलाम्य, ३० मिनेटको दूरीलाई चार घण्टा

**पोखरापत्र संवाददाता**
दमौली, १६ चैत

तनहुँको भिमाद घर भई दमौली बस्दै आउनुभएका राजेन्द्र अर्याललाई खैरेनीटारदेखि दमौली आइपुग्न तीन घण्टा लाग्यो । दुई दिनदेखि परेको झरीका कारण राजमार्ग हिलाम्य भएपछि २२ किलोमिटर दूरी छिचोल्न उहाँलाई तीन घण्टा लागेको हो ।




अर्यालले भन्नुभयो, "झरीले राजमार्ग हिलाम्य छ । हिलाम्य राजमार्गमा सवार ासाधन फसेर निकै बेर जाममा बस्नुपर्‍यो ।" खैरेनीटारदेखि थर्पुसम्मको खण्डमा बढी समस्या रहेको उहाँको भनाइ छ । मुग्लिन पोखरा सडक विस्तारका क्रममा ठाउँठाउँमा एकतर्फी कालोपत्रको काम अगाडि बढे पनि कालोपत्र नभएका ठाउँमा हिलो माटोले सवारीसाधन फस्दा यात्रु कष्टकर यात्रा गर्न बाध्य छन् ।

खैरेनीटारमा व्यवसाय गर्दै आउनुभएका ज्ञानेन्द्र काफ्लेलाई दमौली आइपुग्न दुई घण्टाभन्दा बढी लाग्यो । हिलोका कारण गाडी फसेपछि बसबाट झर्न पनि मिलेन । दुई दिनदेखि परेको वर्षाका कारण मुग्लिन पोखरा सडकअन्तर्गत तनहुँको कोत्रेदेखि आँबुखैरेनीसम्मको यात्रामा यात्रुले सास्ती भोग्नु परेको छ । विशेषगरी जामुनेदेखि कोत्रेसम्मको यात्रामा बढी समस्या छ । मुग्लिन पोखरा सडक आयोजना पश्चिम खण्डका इञ्जिनियर नारायण पौडेलले वर्षायामअघि सडकको नाली बनाउने योजना भए पनि नाली तयार नभइसकेकाले यो समस्या आएको बताउनुभयो । पूर्वी खण्डमा ५० र पश्चिम खण्डमा १७ प्रतिशत प्रगति भएको छ ।

मुग्लिन पोखरा सडक योजना पूर्वी खण्डका इञ्जिनियर विष्णुप्रसाद पाण्डेका अनुसार २० किमी खण्ड कालोपत्र भइसकेको छ । आँबुखैरेनी, बन्दीपुर र व्यास नगरपालिकाका विभिन्न भागमा गरी १२ किमी दुईतर्फी र आठ किमी एकतर्फी खण्ड कालोपत्र सकिएको छ ।

पूर्वी खण्डको कामका लागि विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । ४१ दशमलव ४५ किमी दूरीको यो खण्डमा तीन ठूला र चार साना पुल निर्माण गरिनेछ । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले पाएको छ । यो खण्डको म्याद विसं २०८१ वैशाखसम्म रहेको छ । पश्चिम खण्डअन्तर्गत जामुनेदेखि पोखरासम्म कालोपत्रको काम अगाडि बढेको छ । तनहुँको म्याग्दे गाउँपालिकास्थित जामुने, शुक्लागण्डकी नगरपालिकास्थित हलेदली र कोत्रेमा कालोपत्रको काम भइरहेको छ । पोखरा खण्डमा कालोपत्र हुँदैछ । पश्चिम खण्डमा हालसम्म छ किमी एकतर्फी सडक कालोपत्र भइसकेको छ । पश्चिम खण्डअन्तर्गत जामुनदेखि पोखरासम्म विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो । यो खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी यनहुई काइयुयान हाइवे एन्ड ब्रिज कन्स्ट्रक्सनले पाएको छ । यो खण्डको काम सम्पन्न गर्ने मिति विसं २०८१ भदौसम्म छ । यो खण्ड रु सात अर्ब ४० करोड ४६ लाखमा ठेक्का लागेको थियो ।

# उपभोक्तालाई खानेपानीको प्रभावकारी सेवा देऊ : कार्यालय प्रमुख कार्की

**पोखरापत्र संवाददाता**
पोखरा, १६ चैत

नेपाल खानेपानी संस्थान पोखराका कार्यालय प्रमुख ई. आशिष कार्कीले खानेपानी संस्थान पोखराले प्रभावकारी सेवा दिइरहेको बताएका छन् ।

नेपाल खानेपानी संस्थानको ३५ औं वार्षिकोत्सवमा पुरस्कृत कर्मचारीलाई प्रशंसापत्र र नगद पुरस्कार प्रदान गर्दै उपभोक्ताको सेवामा हरतरहले सेवारत रहन आग्रह गरे । कार्यालय प्रमुख कार्कीले सिनियर मिटर रिडर विमल तिम्सिना, हेभी ड्राईभर रुद्रप्रसाद शर्मा, ल्यावब्वाई सिमाना केसी, जुनियर प्लम्बर श्रीकृष्ण बास्तोला, मिटर रिडर सनिज श्रेष्ठ, कार्यालय सहयोगी बलबहादुर थापा, शंकर भूजेल, सुरेश शाही, गोविन्द अधिकारी र समिर शाहीलाई नगद १ हजारसहित प्रमाणपत्रले सम्मान गरेका थिए ।



पोखरा शाखाबाट अवकास भएका कर्मचारी कृष्णप्रसाद पौडेल, शंकरप्रसाद कोइराला र मुकुन्दनाथ विडारीलाई खादा र कदरपत्र प्रदान गर्दै दीर्घ जीवन, क्रियाशील र स्वस्थ शरीरको अपेक्षा गर्दै प्रमाणपत्र प्रदान गरेका थिए ।

खानेपानी संस्थानले कार्यरत कर्मचारीका उत्कृष्ठ अंक प्राप्त गर्ने छोराछोरी मध्ये कार्यालय सहयोगी पदमा कार्यरत रमेश अधिकारीको छोरी मिना अधिकारीलाई नगद ५ हजारसहित प्रमाणपत्रले सम्मान गरेका थिए । फागुन १५ गते प्रधान कार्यालयबाट घोषणा गरेपछि प्राप्त नगद र प्रमाणपत्रले कर्मचारीहरुलाई पुरस्कृत गरिँदै आएको कार्यक्रम सञ्चालक कर्मचारी केदार धमलाले जानकारी दिए । पुरस्कार वितरण सभा समापन गर्दै कार्यालय प्रमुख कार्कीले पोखराको भू-वनोटलाई ध्यान दिँदै पानी वितरणमा सामान्य समस्या आएको बताएका थिए ।

पोखरेली उपभोक्तालाई सभ्य र सचेत रहन आग्रह गर्दै फिल्डमा खटिने कर्मचारीलाई मैत्री भावले हेर्न प्रमुख कार्कीले अनुरोध गरे । पुरस्कारको संख्या कम हुने भएकाले सवै कर्मचारीलाई दिन नसकिने बताएका कार्कीले राम्रो काम गर्ने कर्मचारीलाई आज नभएपनि भोलीका दिनमा पुरस्कारको भागीदार हुने बताए । फूल डिउटी र डिउटी फूलको अवधारणा राख्दै प्रमुख कार्कीले कार्यालय अतिरिक्त समयमा विना आदेश गर्ने गरेको जिम्मेवारीलाई संस्थानले मुल्यांकन गर्ने उल्लेख गरे । पोखरा शाखामा धमिलो पानीको समस्या करिव समाधान भईसकेको उल्लेख गर्दै प्रमुख कार्कीले बढ्दो पोखराको जनघनत्वलाई ध्यान दिन संस्थानले तेस्रो मर्दीको योजनालाई अघि सारिने बताए । सिंगो महानगरलाई सेवा दिन तयार रहेको संस्थानले मर्दीसँगै कालीखोला र भोटीखोलाको पानीलाई शुद्धिकरण गर्ने योजना सुरु भएको बताए ।

पुरस्कार वितरण कार्यक्रममा लेखा प्रमुख पुष्पराज जोशी, प्रशासन प्रमुख आनन्दप्रसाद रेग्मी र शिवराज भण्डारी, विन्ध्यवासिनी इकाई प्रमुख प्रकाश सिलवाल, सव-इन्जिनियर लक्ष्मण पाण्डे लगायतले अविर र पुष्पगुञ्छाले कर्मचारीलाई हौसला प्रदान गरेका थिए ।

# सामाजिक कुरीति विरुद्ध प्रशिक्षण कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १६ चैत

सामाजिक विकास कार्यालय कास्कीको आयोजनामा सामाजिक कुरीति विरुद्ध प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।



जिल्ला प्रहरी कार्यालय कास्कीको समन्वयमा भएको दुई दिने प्रशिक्षण कार्यक्रममा ४५ जनाको सहभागिता रहेको थियो । समाजमा विद्यमान सामाजिक कुरीति, लैङ्गिक हिंसा, वाल विवाह, दाइजो प्रथा, जातिय भेदभाव, मानव वेचविखन तथा ओसार पसार लगायत परम्परागत हानीकारक अभ्यासहरु न्यूनिकरण गर्ने उद्देश्यले प्रशिक्षण कार्यक्रम आयोजना गरिएको हो । प्रशिक्षण कार्यक्रममा स्थानिय जनप्रतिनिधि, नागरिक समाज शिक्षक, समुदाय प्रहरी, आमा समूह क्लव, महिला प्रर्वद्धित सहकारी, लैङ्गिक अल्पसंख्यकबाट प्रतिनिधित्व रहेको थियो । कार्यक्रममा जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी बरिष्ठ नायव निरीक्षक होत बहादुर रोकाह र अधिवक्ता गीता लामिछानेले सहजिकरण गरेका थिए । प्रशिक्षण कार्यक्रममा कास्की जिल्लामा सचेतना जगाउनका लागि सामाजिक कुरीति विरुद्ध जागरण अभियाननै सञ्चालन गर्नुपर्नेमा जोड दिइएको थियो । कार्यक्रममा जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक मोहन कुमार थापाले समाजमा हुने विकृति विसंगती न्यूनिकरण गर्नका लागि समुदायसँग समन्वय आवश्यक रहेको बताए ।

'विकृति विसंगती न्यूनिकरण गर्ने काम प्रहरीको हो तर प्रहरी एक्लैबाट त्यो सम्भव छैन' प्रहरी उपरीक्षक थापाले भने, 'विकृति विसंगती न्यूनिकरणका लागि प्रहरी समुदायसँग समन्वय गर्न सधै तयार छ ।' उनले यस्ता खालका कार्यक्रमहरु गर्न लागि आफ्नो कार्यलयबाट निशुल्क रुपमा प्रशिक्षक उपलब्ध गराउने प्रतिवद्धता जनाए । शिक्षा विकास तथा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्यले फुजल खर्चका कारण विकृति विसंगती वढ्दै गएको बताउदै यस्ता खालका गतिविधिलाई निरुत्साहित पार्न सवै लाग्नु पर्ने उल्लेख गरे ।

अभियानकर्ता रामबहादुर पौडेलले प्रशिक्षणमा सिकेका सिकाइबाट कास्की जिल्लालाई विकृति रहित जिल्ला बनानउन सकेमा मात्रै प्रशिक्षणले सफलता पाउने उल्लेख गरे । सहभागि गीता पौडेलले सिकेका कुरा व्वयहारमा उतार्न आफ्नो तर्फबाट लागि पर्ने बताइन् । सामाजिक विकास कार्यालय कास्कीका कार्यालय प्रमुख इन्द्रबहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन अधिकृत ज्ञानेश्वर सुवेदीले गरेका थिए ।

# पोखराको पर्यटन प्रवर्द्धन गर्न वाणिज्य संघको जिल्ला यात्रा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ चैत

पोखराको पर्यटन प्रवर्द्धन तथा निजी क्षेत्रका साझा मुद्दामा सहकार्य बढाउने उद्देश्यले पोखरा उद्योग वाणिज्य सङ्घको प्रतिनिधिमण्डलले देशका विभिन्न उद्योग वाणिज्य सङ्घको भ्रमण गरेको छ ।

पर्यटनको राजधानीमा आन्तरिक पर्यटक भित्र्याउन सङ्घको टोलीले भक्तपुर, धुलिखेल, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, उदयपुरको कटारी र त्रियुगा, सुनसरीको धरान, झापाको बिर्तामोड, इलाम, पाँचथर, तेह्रथुम,महोत्तरीको बर्दीबास तथा मकवानपुरको मकवानपुर उद्योग वाणिज्य सङ्घका पदाधिकारीलाई भेटेर आपसी सहकार्य र साझेदारीमा जोड दिएको हो । भ्रमण पूरा गरेर सङ्घका अध्यक्ष पवनकुमार प्रजापति नेतृत्वको टोली बुधबार फर्केको हो । जिल्लामा भएका छलफलमा तीनवटै तहका सरकारसँग निरन्तर समन्वय एवं साझेदारी गर्दै उत्पादकत्व वृद्धि, आर्थिक विकास एवं लगानी सुरक्षा तथा प्रवर्द्धनमा लाग्ने प्रतिबद्धता व्यक्त भएको अध्यक्ष प्रजापतिले रासससलाई बताउनुभयो ।

लगानीको वातावरण बन्दै गएको र त्यसलाई अझ विश्वसनीय बनाउन सरकारीस्तरबाट सक्दो सहयोग हुनुपर्नेमा उद्यमी-व्यवसायीले जोड दिएका थिए ।

# स्वस्थ ...

प्रवर्द्धन गरिनुपर्नेमा जोड दिदै उहाँले आयुर्वेदिक औषधिले अन्य रोग ननिम्तने भएकाले मानव स्वास्थ्य राम्रो बनाउन आयुर्वेदिक उपचार पद्धतिलाई प्रवर्द्धन गरिनुपर्ने आवश्यकता औँल्याउनुभयो । "मानव सभ्यतालाई जीवन्त राख्न र स्वस्थ एवं समृद्ध समाजको कल्पना तब मात्र साकार पार्न सकिन्छ जब राष्ट्रको हरेक नागरिक निरोगी हुन्छन्", उहाँले भन्नुभयो । नेपालमा आयुर्वेदिक औषधोपचारलाई प्रवर्द्धन गर्नका लागि यस्ता आयुर्वेद सेवा सम्बन्धी अन्तक्रिया एवम् योजना तयार सम्बन्धी छलफलले टेवा पुग्ने उहाँको भनाइ छ ।

गण्डकी आयुर्वेद औषधालय कास्कीका प्रमुख डा.कुमार कासुला, जिल्ला आरोग्य नागरिक समितिका अध्यक्ष एवम् जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेल लगायतले जीवनशैली एवं आहारविहारका माध्यमबाट स्वास्थ्यलाई राम्रो पार्न सकिनेमा जोड दिनुभयो ।

उक्त अवसरमा स्वास्थ्य जीवन शैली, नसर्ने रोगको रोकथामका उपाय, आयुर्वेद र आयुर्वेद संस्था आदि बारे प्रकाश पारिएको थियो ।

# त्रिविले स्नातक तहका प्रश्नपत्र अब नेपाली भाषामा पनि तयार गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १६ चैत

त्रिभुवन विश्वविद्यालयले वार्षिक परीक्षा प्रणालीका सबै सङ्कायहरूको स्नातक तहका प्रश्नपत्रहरू अबदेखि अङ्ग्रेजीका साथै नेपाली भाषामा पनि तयार गर्ने भएको छ ।

आगामी प्रथम वर्षको परीक्षादेखि अनिवार्य रूपमा यो व्यवस्था लागू गर्ने र त्यसपछि क्रमशः दोस्रो, तेस्रो र चौथो वर्षका परीक्षामा लागू गरिने भएको हो ।

विश्वविद्यालयका यही चैत १५ गतेको प्राज्ञिक परिषद् स्थायी समितिको बैठकले सो निर्णय गरेको विश्वविद्यालयको सूचना तथा जनसम्पर्क महाशाखाले जनाएको छ ।

विश्वविद्यालयले हालसम्म अङ्ग्रेजी भाषामा मात्रै प्रश्नपत्र तयार गर्ने गरेकामा सरोकारवालाबाट नेपालीमा पनि सोध्न आग्रह हुँदै आएको थियो । साथै तल्ला तहमा विद्यार्थीले अङ्ग्रेजी भाषामा सबै प्रश्न नबुझ्दा सही रूपमा उत्तर लेख्न नसकेका कारण विद्यार्थीको नतिजामा असर पर्दै आएको पाइएको थियो ।

# माफाखोलाको बाढीले बेनी-जोमसोम सडकमा यातायात प्रभावित

**पोखरापत्र संवाददाता**
पोखरा, १६ चैत

मुस्ताङको घरपझोङ गाउँपालिका-३ मा रहेको मार्फाखोलामा बेमौसमी बाढी आउन थालेपछि बेनी-जोमसोम सडकमा यातायात सेवा प्रभावित हुन थालेको छ ।

पछिल्लो एक हप्तायता साँझपख खोलामा पानी र बाढीको सतह बढेर आउन थालेको छ । मोटरेबल पुल निर्माणमा ढिलासुस्ती भएको र बाढी आउन थालेपछि जोखिम बढेको हो ।

गण्डकी प्रदेशसभा सदस्य बिकल शेरचनले मार्फाखोलाको बाढीले बेनी-जोमसोम सडकमा यात्रा गर्ने स्थानीयवासी, पर्यटक र तीर्थयात्रीलाई सास्ती भएको बताउनुभयो । खोलामा बाढी आउँदा सवारीसाधन वारपार गर्न नसक्ने, खोला तार्ने क्रममा फसिने, इञ्जिन बिग्रने, बाढीले मोटरसाइकल, स्कुटरलाई बगाएर दुर्घटना हुने जोखिम बढेको उहाँले बताउनुभयो । मुस्ताङ घुम्न गएका पोखराका केशव अधिकारीले मार्फा खोलामा बाढीले करिब दुई घण्टासम्म रोकिनुपरेको बताउनुभयो ।

धवलागिरि दोस्रो र टुक्चेचुली हिमालको बीचमा पर्ने धम्पुसचुली हिमाल फेदमा पर्ने काशीघन क्षेत्रमा रहेको हिउँ दिउँसोको चर्को घामले पग्लँदा ठाडो खहरे खोलामा बाढी आएको हो । ठाडो खहरे खोलामा कालो लेदो माटोसहितको बाढी आएपछि सवारीसाधन वारपार गर्न सक्दैनन् । छायाँवृष्टि हुने सुक्खा बलौटे भूगोल भएको मुस्ताङमा पछिल्ला वर्ष बाढीपहिरोले दुःख दिन थालेको छ । बेनी-जोमसोम-कोरला सडक योजनाका सूचना अधिकारी विष्णु चापागाईंले बाढी आउँदा सवारी वारपार गर्नका लागि अस्थायी पुल बनाउने तयारी गरेको बताउनुभयो ।

आयोजनामार्फत मार्फाखोलामा एक सय २० मिटर लामो पुल बनाउन पाँच वर्षअघि हिमदुङ एण्ड थोकर इमोटल कन्ट्रक्सनले रु २१ करोड ६० लामा ठेक्का सम्झौता गरेको थियो ।

पुलका तीनमध्ये दुईवटा स्पाम ढलान भएको छ । बीचको स्पाम ढलान गर्न र पहुँचमार्ग बनाउने काम बाँकी छ । निर्माण व्यवसायीलाई पुल निर्माणलाई गति दिन ताकेता गरिएको इन्जिनियर चापागाईंले बताउनुभयो ।


**उपभोक्ता अधिकारको रक्षा गरौं ।**

- उपभोक्तालाई आधारभूत वस्तु र सेवाको सूचना, पहुँच, छनोट, सुनुवाईको अधिकार हुन्छ ।
- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने,
- गुणस्तरहीन वस्तु र सेवाबाट हानी पुगेमा क्षतिपूर्ति पाउने हक हुन्छ ।

*उपभोक्ता हकको रक्षा गरौं, विश्व उपभोक्ता दिवस भव्यरुपमा मनाऔं*

नेपाल सरकार
विज्ञापन बोर्ड

**कपालको उपचार**
**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# स्कूलमा खेती गरेर विद्यार्थीले कमाए दुईलाख ५० हजार

**रासस**
म्याग्दी, १६ चैत

विद्यालयमा पढाइसँगै तरकारी खेती र मौरीपालन गरेर म्याग्दीको एक विद्यालयका विद्यार्थीले यस वर्ष रु दुई लाख ५० हजार आम्दानी गरेका छन् ।

पश्चिम म्याग्दीको मालिका गाउँपालिका-७ बिमस्थित किसानी कृषि प्राविधिक शिक्षालयका विद्यार्थीले पढाइका अतिरिक्त मौसमी तथा बेमौसमी तरकारी खेती र मौरीपालन गर्दै आएका छन् । शिक्षालयमा बाली विज्ञान विषयमा अध्ययन गर्ने ४० जना विद्यार्थीले तरकारी खेती गर्नुका साथै मौरीपालन गरेका छन् । विद्यालय परिसरमा मौरीका छ वटा घार छन् । विद्यार्थीले मह उत्पादन प्रक्रिया, चाका सङ्कलन, मौरीको घारको रेखदेख र मह निकाल्ने सम्पूर्ण प्रक्रिया सिकेका छन् । वर्षमा दुईपटक मह निकालेर स्थानीयलाई बिक्री गर्ने गरिएको शिक्षालयका प्राचार्य जङ्गबहादुर गर्बुजाले जानकारी दिनुभयो ।

प्राचार्य गर्बुजाका अनुसार पहिलो चरणमा छ वटा घारबाट मौरीपालनको अभ्यास गरेका विद्यार्थीले अहिले आफ्नो घरमा घार राख्न थालेका छन् । विद्यार्थीलाई उत्पादन र आम्दानीसँग जोड्ने उद्देश्यले गरिएको मौरीपालनलाई तोरी फुल्ने समयमा मौरीको चरन क्षेत्र, वर्षा याममा स्थानीय प्रजातिका फूलमा चराउन कसरी लैजाने भन्नेसम्मको ज्ञान विद्यालयमा सिकेपछि विद्यार्थी उत्साहित छन् ।

मौरीपालनसँगै शिक्षालयले विद्यार्थीको प्रत्यक्ष सहभागिता हुनेगरी अन्य कृषि कर्म पनि गर्दै आएको छ । व्यावसायिक कृषितर्फ उन्मुख हुन प्रेरित गर्दै बाली विज्ञान, पशु चिकित्सा पद्धतिबारे पढाइ हुने यस शिक्षालयमा विद्यार्थीको आकर्षण बढेको छ । यो शिक्षालयमा २०६८ सालमा सिटिइभिटीबाट सम्बन्धन प्राप्त गरी २९ महिने जेटिए, २०७२ सालदेखि तीन वर्षे डिप्लोमा इन एग्रिकल्चर (बाली विज्ञान) र तीनवर्षे पशु विज्ञान पाठ्यक्रम सुरु गरेको हो । हाल शिक्षालयमा ११ जिल्लाका विद्यार्थी अध्ययनरत रहेका शिक्षालयका प्राचार्य गर्बुजाले बताउनुभयो । "पढ्दै कमाउँदै कार्यक्रमअन्तर्गत विद्यार्थीलाई आत्मनिर्भर हुन प्रेरित गरिरहेका छौँ", उहाँले भन्नुभयो । विद्यार्थीले उत्पादन गरेको तरकारी बिक्रीबाट आएको नाफा ७५ प्रतिशत विद्यार्थीलाई उपलब्ध गराउने र २५ प्रतिशत चाहिँ विद्यालयले शैक्षिक भ्रमणसहितका कार्यमा प्रयोग गर्दै आएको प्राचार्य गर्बुजाले जानकारी दिनुभयो ।

विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीले नयाँ उत्पादनका लागि तत्काल आवश्यक परेमा विद्यालयले ऋणको सुविधासमेत दिने गरेको उहाँको भनाइ छ । 'पढ्दै-कमाउँदै' गर्न चाहने विद्यार्थीका लागि ऋण दिनुका साथै आवश्यक संरचना पनि उपलब्ध गराउने गरेको प्राचार्य गर्बुजाले बताउनुभयो । "विद्यार्थीले च्याउ, आलु, धान, किवीलगायत मौसमी र बेमौसमी तरकारीका साथै फलफूल उत्पादन गरेर वार्षिक दुई लाख ५० हजारभन्दा बढीको आम्दानी लिएका छन्", उहाँले भन्नुभयो ।

कृषि पढ्ने विद्यार्थीलाई उत्पादन र आम्दानीसँग जोड्ने उद्देश्यले किसानका खेतबारीमा नै पुगेर प्रयोगात्मक अभ्यास गराउनाका साथै फलफूल खेती, तरकारी खेती, दलहन बाली र रैथाने कृषिउपज बिक्री गर्ने गरिएको कृषि प्राविधिक शिक्षालयका संयोजक विष्णु सुवेदीले जानकारी दिनुभयो । "विद्यार्थीका लागि नयाँ सिकाइमा केन्द्रित छौँ । यहाँबाट पढेर गएका सबै विद्यार्थी आत्मनिर्भर छन् । लोभलाग्दो कमाइ गरिरहेका छन्", सुवेदीले भन्नुभयो । संयोजक सुवेदीका अनुसार यहाँबाट वार्षिक छ क्विन्टल च्याउ बिक्री गर्ने गरिएको छ ।

विद्यार्थीले विभिन्न प्रजातिका फलफूल, तरकारीको बेर्ना बेचेर राम्रो कमाइ गर्ने गरेका छन् । विद्यालयले २० रोपनीभन्दा बढी जग्गा भाडामा लिएर विद्यार्थीलाई व्यावहारिक शिक्षा दिँदै आएको छ ।

शिक्षालयका धानखेत, च्याउ र तरकारी गरी आठ वटा 'टनेल'सँगै व्यवस्थित कृषि फार्म भएकाले विद्यार्थीलाई उत्पादन र बिक्रीमा सहज हुन्छ । खेतबारीमा नै पुगेर किसानसँगै अभ्यास गर्दा अझ व्यावहारिक बन्न सहज भएको बागलुङबाट बाली विज्ञान पढ्न आएकी सिर्जना विकले बताउनुभयो ।

# सहकारीका सिद्धान्तलाई आत्मसाथ नगर्दा समस्यामा: उपप्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, १६ चैत



पोखरा महानगरपालिकाका कार्यबाहक प्रमुख मञ्जुदेवी गुरुङले सहकारीहरुको अस्वस्थ प्रतिस्पर्धाका कारण समस्यामा परेको बताउनु भएको छ ।

६७ औं सहकारी दिवसको २०८० को अवसरमा पोखरा महानगरपालिका सहकारी तथा उद्योग शाखाको आयोजनामा सरकारीसंघसंस्थाहरुसंगआयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा बोल्दै उहाँले भन्नुभयो," सहकारीका सिद्धान्तलाई आत्मसाथ नगर्दा अहिलेको अवस्था सृजना भएको छ । त्यसैले सहकारीको मर्म र भावना अनुसार सञ्चालन गर्नुपर्छ ।" उहाँले सहकारीहरु समस्याग्रस्त बन्दा बचकर्ताहरु पिडामा रहेको उल्लेख गर्दै समस्या समाधानका लागि सञ्चालकहरु जिम्मेवार बन्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले सहकारीलाई कसरी अगाडी बढाउने र समृद्धिसंग जोडने भन्ने बारेमा यस्ता छलफलबाट निष्कर्ष निकाल्न सहज हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले सहकारी प्रति गुमेको विश्वासलाई बृद्धि गर्न सबैको भुमिका हुने बताउदै आर्थिक रुपमा आत्मनिर्भर बताउदै समानता कायम गर्न सहयोगी बन्ने उल्लेख गर्नुभयो । पोखरा महानगरपालिका सहकारी समितिका अध्यक्ष रविरमण तिवारीले सहकारीहरुका साधारणसभा देखावटी, भत्ता र खाजाका कारण बिग्रिएको बताउनुभयो । साधारण सभामा शेयर सदस्यहरुले भत्तालाई प्राथमिकता दिने प्रचलनका कारण सहकारीहरु समस्यामा परेका छन् उहाँले भन्नुभयो," सहकारीलाई व्यवस्थित बनाउने सञ्चालक र शेयर सदस्यहरुले हो हो तर भत्तामा ध्यान केन्द्रीत गर्ने अरु विषयमा ध्यान नदिदाँ समस्या देखियो ।" उहाँले सहकारीप्रति गुमेको विश्वासलाई फर्काउने वातावरण सृजना गर्नुपर्नेमा जाड दिनुभयो । कार्यक्रममा गण्डकी प्रदेशका सहकारी रजिष्टार भेषराज रिजाल, जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख मोहनकुमार थापा लगायतले सहकारीका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने स्वागत सहकारी शाखाका प्रमुख अनिल कार्की र सञ्चालन सहकारी समितिका सदस्य दिपक आचार्यले गर्नुभएको थियो ।

# समुदायको जिउने आधार बन्दै सामुदायिक वन

**रासस**
म्याग्दी, १६ चैत

म्याग्दीका केही सामुदायिक वन समुदायको जीवन धान्ने प्रमूख आधार बनेका छन् । सामुदायिक वनबाट उपभोक्ताले दाउरा, घाँस मात्र नभएर जडीबुटी र वनपैदावरको सदुपयोग गरी आयआर्जनको स्रोत समेत बनाएका छन् ।

वन संरक्षणमा स्थानीयको चासो बढ्दै गएको छ । स्थानीयले सामुदायिक वनमा जडीबुटीको व्यावसायिक खेती सुरु गरेका छन् । जिल्लाको दुर्गम भेगमा रहेको गुर्जा सामुदायिक वन स्थानीय बासिन्दाका लागि औषधालय सरह भएको छ ।

सामुदायिक वनबाट जडीबुटी ल्याइ स्थानीयले औषधोपचार गर्ने गरेका छन् । धौलागिरि गाउँपालिका-१ मा पर्ने गुर्जा गाउँको सामुदायिक वन जडीबुटीका कारण देश विदेशमा परिचित हुन थालेको छ । यहाँ यार्सागुम्बा, रातो च्याउ, सतुवा र जडीबुटी पाइन्छ । यहाँ गत वर्षदेखि उपभोक्ताले इटालियन गोल्डेन स्याउको व्यावसायिक खेतीसमेत सुरु गरेका छन् । 'हर्बल हब' को नामले चिनिन थालेको गुर्जा गाउँका बासिन्दाले जडीबुटीको व्यावसायिक खेती सुरु गरेका हुन् । गुर्जादेखि दलसिङ्गे खर्क, भुजुङ्गेखर्क, गुर्जा बेसक्याम, चुरेन बेसक्याम्प, पुथा बेसक्याम्प हुँदै रुकुमको तकसेरा पदमार्गसम्म वनक्षेत्र फैलिएको छ । यो क्षेत्रमा यार्सागुम्बा पाइने भएकाले पदमार्गको नाम यार्सा ट्रेल राखिएको धवलागिरि गाउँपालिका-१ गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालले बताउनुभयो । गुर्जा गाउँ समुन्द्र सतहबाट तीन हजार दुइ सय २० मिटर उचाइमा छ । हिउँदका चार महिना बाक्लो हिउँले ढाक्ने गुर्जागाउँ पुग्न म्याग्दीको लुलाङ, मुदी गाउँ र बागलुङको ढोरपाटन क्षेत्रबाट गरी तीन वटा बाटो छन् । गुर्जा पुग्न अनिवार्य जङ्गलको बाटो हिँड्नु पर्दछ । गुर्जा हुँदै पर्यटक ढोरपाटन पुग्ने गर्दछन् । सामुदायिक वनमा पाइने जडीबुटीबाट मनग्य आम्दानी हुन थालेपछि गुर्जाको बाँझो जमिनमा स्थानीयवासीले जडीबुटीखेती थालेका छन् । खाली तथा बाँझो जमिनमा सहकारीले अतिस जातको जडीबुटी लगाउन स्थानीयवासीलाई प्रेरित गरेको छ । गुर्जामा सञ्चालित हिमाली कृषि सहकारी संस्था लिमिटेडमा आबद्ध किसानले यसको व्यावसायिक खेती सुरु गरेका छन् । स्थानीय किसानलाई व्यावसायिक खेतीतर्फ आकर्षित गर्ने र आत्मनिर्भर बनाउने उद्देश्यले सहकारी संस्थाले पहिलोपटक २५ किसानले जडीबुटीको खेती थालेको वडाध्यक्ष छन्त्यालले जानकारी दिनुभयो । सामुदायिक वन क्षेत्रको साढे दुई हेक्टर जमिनमा अतिस जातको जडीबुटीको बेर्ना लगाइएको छ । अतिसलाई मानिसको पेटभित्र पर्ने जुका मार्ने तथा स्वास्थ्यवर्द्धक जडीबुटीका रूपमा लिइन्छ । समुद्री सतहदेखि दुई हजार सात सय मिटरको उचाइमा अवस्थित गुर्जामा बिसजरा, अमलवेद, पदमचाल, कुट्की, सतुवा, खिरौँला, पाखनवेद, बिख्मा, यार्सागुम्बा, पाँचऔँले, लौठसल्ला, जटामसीलगायत बहुमूल्य जडीबुटी पाइन्छ ।

यसैगरी मालिका गाउँपालिका-१ को निस्कोट सामुदायिक वनबाट स्थानीयले जडीबुटीबाट लाभ लिने गरेका छन् । "सिखारी लहरो हामीले ढाड दुखेकामा लगाउँछौँ । यो लगाउँदा दुखेको ढाड ठीक पनि भएको छ", निस्कोटका राम पुनले भन्नुभयो, "घर नजिकै रहेको जडीबुटी प्रयोग गर्दा खर्च पनि कम हुन्छ । गाउँघरमा भएको जडीबुटी प्रयोग गर्न पाउँदा खुसी लाग्छ ।" उहाँले खोकी लाग्दा हर्रो, बर्रो खाने गरेको र खोकी पनि ठिक भएको बताउनुभयो ।

सामुदायिक वनमा पाइने घोडटाप्रो, जेठीमधु, कुफत पर्दा पाखनबेद, ज्वरो र मुखमा घाउ आउँदा दहिकमलोलगायत जडीबुटीबाट स्थानीयले कतिपय रोगको उपचार गर्छन् । यस्ता औषधिले दीर्घकालीन असर नगर्ने हुनाले बिरामीले खाने गरेको स्थानीयको भनाइ छ । म्याग्दीका निमित्त वन अधिकृत चन्द्रमणि सापकोटाले यहाँको वनमा प्रशस्तमात्रामा जडीबुटी पाइने बताउनुभयो । जडीबुटीको खोजी, पहिचान र संरक्षणका लागि विभिन्न कार्यक्रम जिल्ला वन कार्यालयले गरिरहेको सापकोटाको भनाइ छ । म्याग्दीका दुई सय १३ वटा सामुदायिक वनमा जडीबुटी पाइन्छन् । ती सबै सामुदायिक वनले जडीबुटीको संरक्षण र प्रयोग राम्रोसँग गर्न सकेका छैनन् । सुक्दै गएका पानीका मुहानहरू वन जंगल घना हुँदै गएपछि पुनः रसाउन थालेको बेनी नगरपालिका-२ का वडाध्यक्ष यामबहादुर कार्कीले बताउनुभयो ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक लेखा परीक्षण

**योजनाको नाम :** भिमफेदी मार्गमा बाटो ढलान

**स्थान :** पोखरा महानगरपालिका - १२

**योजना सम्झौता मिति :** २०८०/११/२४

**योजना सुरु मिति :** २०८०/११/२५

**योजना सम्पन्न मिति :** २०८०/१२/१२

**योजनाको कूल लागत :** रु. ४,१७,०००

**महानगरपालिकाबाट :** रु. ३,७५,०००

**जनसहभागिताबाट :** रु. ४२,०००

**तिलक बहादुर खड्का**
**अध्यक्ष**
भिमफेदी मार्गमा बाटो ढलान उपभोक्ता समिति


# अतिथि सत्कार घरबासमा विदेशी पर्यटक बढ्दै

**रासस**
बागलुङ, १६ चैत

बागलुङको पर्यटकीय गाउँ भकुण्डेमा सञ्चालित जिल्लाकै पहिलो अतिथि सत्कार घरबास (होमस्टे)मा विदेशी पर्यटकको सङ्ख्या बढ्न थालेको छ । विसं २०७३ देखि जिल्लाको पहिलो घरबासका रूपमा अतिथि सत्कारमा पछिल्लो समय आन्तरिकभन्दा विदेशी पर्यटकको सङ्ख्या बढी हुने गरेको घरबास सञ्चालक समितिले जनाएको छ ।

नेपालको कला-संस्कृति, मौलिक परम्परा, अर्गानिक खानाका परिकारले चर्चा पाएसँगै विदेशी पर्यटक चार वर्षदेखि निरन्तर भित्रिँदै आएका समितिका अध्यक्ष मुना थापामगरले बताउनुभयो । उहाँका अनुसार घरबासमा आउने अधिकांश विदेशी पर्यटक विश्व अर्गनाइजेसनमा आबद्ध भएका आउने गरेका छन् । "अहिले घरबासमा अमेरिकाबाट आएका सात जना पर्यटक छन्, उनीहरू दुई दिन बसेपछि फर्कन्छन्, हामीले विदेशी पर्यटक बढ्न थालेपछि स्वगतका लागि नौमती बजा बजाउने गरेका छौँ", अध्यक्ष थापाले भन्नुभयो, "अहिले जङ्गलमा गुराँस फुलेकाले गुराँसको फूलको मालाले पाहुनालाई स्वागत गर्दा पाहुना खुसी भएको पाएका छौँ ।" बागलुङका पर्यटन व्यवसायी महादेव शर्माले चार वर्षयता विदेशी पर्यटक ल्याउँदै आउनुभएको उहाँले बताउनुभयो । अहिलेसम्म विश्व भेगन अर्गनाइजेसनमा आबद्ध विभिन्न देशका पर्यटक आठौँ समूह आइसक्नुभको भन्दै थापाले अधिकांश विदेशी दातृ निकाय तथा गैरसरकारी संस्थामा आबद्ध विदेशी यहाँ बास बस्न आउने गरेका उहाँले जानकारी दिनुभयो । घरबास सञ्चालनमा ल्याएको एक दशक भए पनि आधिकारिकता भने सात वर्षअघि मात्रै पाइएको समितिका अध्यक्ष थापाले बताउनुभयो । आन्तरिक पर्यटकले प्रायः घरबास खाली नहुने भएकाले पछिल्लो समय विदेशी पर्यटक बढ्न थालेपछि गुणस्तरलाई वृद्धि गरिँदै लगिएको उहाँको भनाइ छ । घरबास सञ्चालिका इन्द्रा थापाले भकुण्डे प्राकृतिकरूपमा सुन्दर हुनुका साथै यहाँ सञ्चालित घरबास मापदण्ड पूरा गरी निर्माण गरिएकाले विदेशी पर्यटक लालयीत हुन थालेका बताउनुभयो । विदेशी पर्यटक सिधैँ यहाँ आउने अवस्था नरहने भन्दै पहिलोपटक चार वर्षअघि आएका पर्यटकले यहाँको वातावरण, दृश्य, खानपान र आतिथ्यताबाट प्रभावित बनेपछि यसले निरन्तरता पाएको उहाँको भनाइ छ । घरबासमा स्थानीय आलु, भटमास, मकै, मुला, कोदोको ढिँडो, सिस्नो, गुन्द्रुक तथा खसी र कुखुराको परिकार चाख्न सकिन्छ । पन्ध्र घर रहेको अतिथि सत्कार घरबासमा एक रातमा एक सय पर्यटक बस्नसक्ने क्षमता छ । यहाँको मगर संस्कृति, अर्गानिक खानाका परिकार, आतिथ्यता, आरामदायी बस्ने व्यवस्था, पर्यटकीय उद्यान, भ्यूटावर, बराह ताल, प्राकृतिक सुन्दरतालगायत कारण विदेशी पर्यटक आकर्षित हुने गरेका पर्यटन व्यवसायी शर्माले बताउनुभयो । आफ्नै सक्रियतामा विदेशी पर्यटकको आठौ समूह यहाँ आएको उहाँको भनाइ छ । "हामीले विश्व भेगन अर्गनाइजेसनमा आबद्ध संसारभरका पर्यटकलाई यहाँ ल्याउने अवसर पाइरहेका छौँ । परीक्षणका लागि ल्याइएका पर्यटकले यहाँको घरबास मनपराएपछि विदेशी पर्यटक आउने क्रमले निरन्तरता पाएको छ", शर्माले भन्नुभयो, "बाह्य पर्यटक पाहुना भएर यहाँ पुग्छन् र सहयोगी भएर फर्कने गर्दछन् । उनीहरू घरबासका सञ्चालक सँगै काममा सघाउने गर्दछन् ।" भकुण्डे जिल्ला सदरमुकाम बागलुङ बजारबाट नजिकै रहेको, भौगोलिकरूपमा रमणीय, आँखैअघि देखिने हिमाल, मगर संस्कृति, सुविधा सम्पन्न बसाई लगायतले विदेशी पर्यटक लोभिँदै आएका छन् । यहाँको पाहुना स्वागत तथा बिदाइ गर्ने शैली निकै फरक रहेको शर्माको भनाइ छ । यो सिजनमा घरबास पुगेका पाहुनाका लागि गुराँसको फूल तथा माला लगाएर नौमती बाजा बजाउँदै स्वागत गर्ने गरिएको उहाँले बताउनुभयो ।

घरबासमा अमेरिकासँगै कोरिया, चीन, जर्मन र क्यानडालगायत देशबाट धेरैजसो पर्यटक आउने गरेका पर्यटन व्यवसायी शर्माले जानकारी दिनुभयो । बाह्य पर्यटकले घरबासमा अर्गानिक खानाका परिकारको स्वाद लिने, पर्यटकीयस्थलको भ्रमण गर्ने, यहाँको कला, संस्कृतिमा रमाउने, नाचगान गर्ने गरेका छन् । घरबास पुग्ने पर्यटक अधिकांश पदमार्गमार्फत बागलुङ बजारबाट भकुण्डे पुग्ने गरेका छन् । विदेशी पर्यटकलाई लक्षित गरी बागलुङ बजारबाट भकुण्डे र भकुण्डेबाट बौडैचौर हुँदै बौरसम्मको दुईदिने पदयात्रा मार्ग पहिचान गरिए पनि भकुण्डेबाट बोडैचौरसम्म पर्यटकलाई पुऱ्याउन नसकिएको शर्माको भनाइ छ ।


## नमस्ते हस्पिटल एण्ड रिसर्च सेन्टर निर्माण तथा संचालन संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८०/१२/१७)**

गण्डकी प्रदेश, कास्की, पोखरा महानगरपालिका, वडा नं. १७, विरौटामा नमस्ते हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि. द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावको नाम तथा ठेगाना** | **नमस्ते हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि., पोखरा महानगरपालिका, वडा नं.१७** |
| **प्रस्तावको व्यहोरा** | **पोखरा महानगरपालिका, वडा नं. १७, विरौटामा २५ शैया क्षमताको हस्पिटल एण्ड रिसर्च सेन्टर निर्माण तथा संचालन गर्ने** |
| **प्रभाव पर्न सक्ने जिल्ला, महानगरपालिका** | **कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. १७** |
| **कित्ता नं.** | २८ |

उपरोक्त प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक-आर्थिक तथा साँस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको महानगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

१. श्री पोखरा महानगरपालिका, १७ नं. वडा कार्यालय, फोन नं. ०६१-५७०६००
२. श्री पोखरा महानगरपालिका, न्यू रोड, पोखरा, कास्की फोन नं. ०६१-४६०५३६
३. श्री नमस्ते हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि., पोखरा महानगरपालिका, वडा नं. १७ फोन नं.: ९८५६०३१६१५
४. श्री अन्नपूर्ण ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि., पोखरा महानगरपलिका, वडा नं. ०४ सिद्धार्थचोक फोन नः ०६१-५८४६४४